प्रेस काउन्सिल नेपाल

# खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

प्रकाशन मिति : २०८०/११/११

लोक सेवा आयोगबाट प्राप्त सहमतिअनुसार यस काउन्सिलमा रिक्त रहेको लेखा अधिकृत छैठौं पदमा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फारामको निर्दिष्ट स्थानमा हालै खिचिएको पासपोर्ट साइजको फोटो टाँस गरी दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरूको प्रतिलिपि एक-एकप्रति तयार गरी उम्मेदवार आफैंले प्रमाणित गरी काउन्सिलको सचिवालयमा बुझाउनु पर्नेछ । परीक्षा दस्तुर रकम ग्लोबल आइएमई बैंक सिनामङ्गल शाखामा रहेको प्रेस काउन्सिल नेपालको चल्ती खाता नं. ०८४०१०१००००१६० मा जम्मा गरेको भौचर दरखास्त साथ संलग्न गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम मिति पछिको ७ (सात) दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त दिन सकिनेछ । दरखास्त बुझाउने अन्तिम दिन बिदा पर्न गएमा कार्यालय खुलेको अर्को दिनसम्म दरखास्त बुझाउन सकिनेछ । लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ ।

| क.सं. | विज्ञापन नं. | पद | तह | किसिम | पद सङ्ख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | १/०८०/८१ | अधिकृत (लेखा) | छैठौं | महिला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्य शास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै मूल विषय लिई स्नातक तह वा सोसरह उत्तीर्ण । |

परीक्षाको किसिम :- लिखित, सूचना प्रविधि सीप परीक्षण र अन्तर्वार्ता ।
परीक्षा केन्द्र :- लोक सेवा आयोगबाट परीक्षा कार्यक्रम प्राप्त भएपछि लोक सेवा आयोग, प्रेस काउन्सिल नेपाल र गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरि जानकारी गराइनेछ ।
दरखास्त बुझाउने स्थान :- प्रेस काउन्सिल नेपालको कार्यालय, सञ्चारग्राम तिलगङ्गा, काठमाडौं ।
संलग्न गर्नुपर्ने कागजातहरू :- उम्मेदवारले शैक्षिक योग्यता र नागरिकताका प्रमाणपत्रका प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।
दरखास्त दिने अन्तिम मिति :- २०८०/१२/०१ सम्म र दोब्बर दस्तुर तिरी २०८०/१२/०८ गतेसम्म बुझाउन सकिनेछ ।
उम्मेदवारको उमेरको हद :- २१ वर्ष उमेर पूरा भइ ४० वर्ष ननाघेको ।
पदमा रही गर्नुपर्ने काम :- काउन्सिलको व्यवस्थापनअन्तर्गत रही लेखाको कार्य गर्नुपर्ने ।
तलब तथा सेवा,सुबिधा :- काउन्सिलको नियमानुसार ।
लिखित परीक्षा मिति :- सम्पर्क मितिमा प्रकाशन गरिनेछ । परीक्षा दस्तुर :- रु. १,२००।- (एक हजार दुई सय)
सम्पर्क मिति :- २०८०/१२/११

नोट : *सम्मानित सर्वोच्च अदालतबाट रिट नं.०७८-WO-०६६० समेतको उत्प्रेषणसम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेशबमोजिम कानुनी व्यवस्था भएपश्चात सोहीअनुसार पदपूर्ति गरिने छ ।*

## द्रष्टव्य

१. प्रेस काउन्सिल कर्मचारी विनियमावली, २०७९ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।
२. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।
३. तोकिएको म्यादभित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएका अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।
४. दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको प्रमाण पेस गर्नुपर्नेछ ।
५. कारण खुलाइ वा नखुलाइ कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।
६. पाठ्यक्रम र दरखास्त फाराम काउन्सिलको वेबसाइट www.presscouncilnepal.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

पदपूर्ति समिति